नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
वैशाख/जेष्ठ २०८२ (May 2025) वर्ष २८/अङ्क ३१७

## "घमण्ड गर्नेले परमप्रभुमा घमण्ड गरोस् र उहाँले तारिफ गरून्"

– एल्डर राज गुरूङ्ग

"घमण्ड गर्नेले परमप्रभुमा घमण्ड गरोस्।" किनकि आफ्नो तारिफ आफै गर्ने मानिस स्वीकार गरिँदैन, तर प्रभुले तारिफ गर्नुहुने मानिसचाँहि स्वीकार गरिनेछ ।

विश्वबाट "म"लाई मारौं । के सम्भव छ ? "म"सँग धेरै नाता जोडिएको छ । "म प्रेरित हुँ," "म अगमवक्ता हुँ," "म पास्टर हुँ," यस्तै-यस्तै "म हुँ" भन्ने दाबीहरू सामाजिक सञ्जालमा छ्यापछ्याप्ति पाउँछौं । के हामी आफ्नो तारीफ आफै गर्ने हो ? वा आफ्नो सिफारिस आफैले गर्ने ? के यो परमेश्वरद्वारा र आदरणीय व्यक्तिबाट हुनुपर्ने होइन र ? कोरिन्थीको मण्डलीमा पावलले भेल्नुपरेको चुनौती पनि यी नै थिए । आऔं हामीसँगै बसेर ती चुनौती नियालौं ।

<u>कोरिन्थ शहर</u>

पहिलो शताब्दी, एथेन्सदेखि ५० माईल पश्चिममा रोमी साम्राज्यको अखैया प्रान्तमा कोरिन्थ शहर थियो । उक्त शहर व्यभिचार, धूर्त व्यापार केन्द्र र मूर्तिपूजाले भ्रष्ट थियो । जहाँ Aphrodite देवी (प्रेम र सुन्दरताकी देवी) को पूजा हुन्थ्यो । मन्दिरमा एक हजार जना देह व्यापार गर्ने र शहरको केन्द्रमा Acrocorinth नामले प्रख्यात थियो ।

१८ महिना अथक परिश्रम गरी कोरिन्थको मण्डली पावलको दोस्रो मिसन प्रचार यात्रा गर्दा स्थापना भएको थियो । Aquila र Priscilla द्वारा सुसमाचार सुनेर पावलपछि Apollos ले कोरिन्थीको मण्डलीको जिम्मा पाएका थिए (प्रेरित १८.

१ कोरिन्थी १:१२) । ३ वर्षपछि क्लोएका (१:११) परिवारले मण्डलीमा भएका खराब समाचार लेखे र गलत शिक्षाबाट ठीक शिक्षामा फर्काउनको लागि एफिससबाट पावलले यो पत्र लेखेको पाउँछौं ।

<u>कोरिन्थीमा भएका घटना:</u>

कोरिन्थीको मण्डलीमा भएको समस्या सुने पश्चात् पावल कोरिन्थमा भेट गर्न गए (२ कोरिन्थी २:१) । उक्त मण्डलीमा ५ वटा समस्या देखियो । ती यस प्रकार रहेका छन् ।

पहिलो, अगुवाप्रति असन्तुष्टि, अगुवा बीच झगडा । तिमीहरू कसैले, "म पावलको," कसैले, "म अपोल्लोसको," कसैले "म केफासको" र कसैले "म ख्रीष्टको हुँ" भन्छौ अरे (१:१२) । मण्डली लोकप्रियता कमाउन प्रतिस्पर्धा गर्ने रणभूमि होइन । आफूलाई मनपर्ने अगुवासँग गुठबन्दी गर्ने स्थान पनि होइन । लोकप्रियता, गुठबन्दी र मनोमालिन्य बढ्दै गएमा विश्वासीहरूको अगुवाप्रति वितृष्णा पैदा हुन्छ । यसले मण्डलीलाई ख्रीष्टको शिक्षादेखि विपरित लैजान्छ ।

दोस्रो, मण्डलीमा व्यभिचारको पाप । यो विषय गौण रहनुपर्छ । तर कोरिन्थीको मण्डलीमा यौन दुराचारीहरू प्रसस्त भएको पाउँछौं (५:१) । यसले मण्डलीमा आत्मिक र शारीरिक वातावरण धमिल्याउँछ । किनकि हाम्रो शरीर हाम्रो मर्जिअनुसार प्रयोग गर्न मिल्दैन यो त परमेश्वर बास गर्ने मन्दिर हो । येशूका चेलाहरू यौनमा इमान्दार हुनुपर्छ ।

तेस्रो, खानेकुरा र प्रेरितिय सेवकको अख्तियार । कोरिन्थीको विश्वासी र स्थानिय ग्रीक र रोमी मन्दिरमा चढाएको पशु बलिको मासु खाने कि नखाने भन्ने विवाद रहेको पाउँछौं (८ अध्याय) । मुख्य विषय खानेकुरा होइन, विषय शुद्ध विवेक हो । यदि हाम्रो विश्वासलाई ढलमलाउने कुनै पनि खानेकुरा हामी सेवन गर्छौं भने नखानु असल हो । वा कमजोर विश्वास भएका भाइ/बहिनीको खातिर त्यस्ता खानेकुरा त्याग्नु उत्तम हो ।

पावलले पाल बनाउने काम गर्थे । त्यसकारण कोरिन्थीका केही मानिसहरूले उनको प्रचार शिक्षा र अधिकारमा विरोध गरेका पाउँछौं (९ अध्याय) । फलस्वरुप कोरिन्थीको मण्डलीमा पावलको प्रेरितिय सेवामा दुई वटा मत भएका मानिसहरू थिए ।

चौथौं, संगतिमा भाँडभैलो । सुव्यवस्थित संगतिको खाँचो देखिन्छ । अगुवाहरूको हालिमुहाली र विश्वासीहरूको मनोमानी भएको देखिन्छ । सबै सेवाहरू (शिक्षक, प्रशासक, सेवक, अगमवक्ता र प्रेरित) सबै परमेश्वरको आत्माद्वारा एकीकृत भई परमेश्वरद्वारा के बोल्दै र गर्दै हुनुहुन्छ भनी नियन्त्रणमा हुन दिनु अलावा मानिसको लापर्वाही भएको पाउँछौं । हाम्रो संगतिमा नयाँ व्यक्तिको उपस्थिति हुन्छ । नयाँहरूलाई परमेश्वरको प्रेम र ख्रीष्टको सुसमाचार प्रचारिनुपर्छ । यद्यपि नयाँलाई अलमल हुने गरी विवाद प्रदर्शन हुनुहुँदैन ।

पाँचौं, येशू ख्रीष्टको पुनरुत्थान बारे गलत शिक्षा । येशूको पुनरुत्थानले विश्वासीहरूको जीवनमा कुनै असर पार्दैन भन्ने झूटा शिक्षकहरूको प्रभाव भएको पाउँछौं । तर सुसमाचार प्रचारमा येशूको जन्म, मृत्यु र पुनरुत्थान अनिवार्य समावेश हुनुपर्छ । किनभने येशू ख्रीष्ट मृत्युबाट पुनरुत्थान नहुनुभएको भए येशूको मृत्यु व्यर्थ हो । व्यर्थ हो भने, मानिस पापमा नै मर्छ ।

यद्यपि पावलले कोरिन्थीको मण्डलीमा भएका अगुवा बीचको झगडा, यौन दुराचारी, खानेकुरा, प्रेरितिय अख्तियार, संगतिको भाँडभैलो र येशू ख्रीष्टको पुनरुत्थानको विषयमा आक्रोससहित पहिलो पत्र लेखेका थिए । तत्पश्चात् कोरिन्थीको मण्डलीलाई भेट्न गए (२ कोरिन्थी २:३-४, ७:८-१२) र पावलको यो प्रतिक्रिया (भेटघाट) ले कोरिन्थमा भएका प्राय विश्वासीहरू अझ अहंकारी भएको बोध गरे । त्यसकारण पावलले दोस्रो पत्र कोरन्थीहरूलाई एउटा कडा चेतावनीको साथ चिठी लेखेर सहयोगी तीतसको हातद्धारा कोरिन्थमा पठाएका थिए तर यो चिठीलाई तिनीहरूले स्वीकार गरेनन् । यो पत्र हराएको छ र यसको कुनै प्रतिलिपी पनि छैन । तर पछिबाट फेरि कोरिन्थका विश्वासीहरू क्षमायाचना र मेलमिलापको हृदय भएको र आफ्ना गल्तीहरू स्वीकार गरेर पश्चताप गरेका छन् भन्ने खबर पावलले तीतसबाट थाहा पाए र यो खुसीको खबर सुनेर पावलले तेस्रो पटक एउटा पत्र कोरिन्थहरूलाई लेखे जुन अहिले कोरिन्थहरूलाई पावलको दोस्रो पत्र भनिन्छ ।

उक्त पत्रमा, पावल आफैलाई मूर्ख व्यक्तिको रुपमा प्रस्तुत गरेका छन् (२ कोरिन्थी १२: ११) । वास्तवमा म आफैले आफ्नो तारिफ गर्नुभन्दा

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
| वैशाख २७ गते May 10 | पाष्टर अब्राहाम श्रेष्ठ | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन राम ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु |
| जेष्ठ ३ गते May 17 | पाष्टर सिमोन पाठक | एल्डर रत्नमान महर्जन | एल्डर बागमान तामाङ्ग | डीकन भूपाल लामा | एल्डर मन ब. मगर | एल्डर लाक्पा लामा | पाष्टर अशोक मुखिया |
| जेष्ठ १० गते May 24 | एल्डर रत्नमान महर्जन | सुश्री प्रकृति लामा | श्रीमती सविना महर्जन | एल्डर पूर्ण सुनुवार | एल्डर वीर ब. के.सी. | श्री मिलन प्रधान | डीकन सिमोन भण्डारी |
| जेष्ठ १७ गते May 31 | एल्डर लाक्पा लामा | श्री सुचन तामाङ्ग | डीकन कुमार गज्मेर | एल्डर हरि भण्डारी | डीकन मिन ब. तामाङ्ग | श्री स्टिफन राई | पाष्टर रूबेन श्रेष्ठ |
| जेष्ठ २४ गते June 7 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | डीकन सुबोध अधिकारी | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

| नेइम जोरपाटी चर्च | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | डाँछी | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
| वैशाख २७ गते May 10 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | डीकनेस् सलोमी दों | एल्डर अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | एल्डर कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | डीकन अशोक श्रेष्ठ | डीकन गोविन्द नगरकोटी |
| जेष्ठ ३ गते May 17 | पाष्टर ज्ञान पन्त | श्री राजेन्द्र घोराशैनी | श्री आशुतोष नगरकोटी | डीकनेस् राममाया नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ | डीकन रत्न तामाङ्ग | एल्डर राज गुरूङ्ग | श्रीमती देवकी लामा | एल्डर गोपी राई | डीकन सूर्य तामाङ्ग |
| जेष्ठ १० गते May 24 | एल्डर पेशल राई | श्री फुर्का तामाङ्ग | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | एल्डर अमृत लामा | एल्डर लाक्पा लामा | श्री मोहन श्रेष्ठ |
| जेष्ठ १७ गते May 31 | एल्डर अर्जुन ढकाल | डीकनेस् रूष तामाङ्ग | डीकन उमेश मगर | सुश्री कल्पना नगरकोटी | श्री विकास श्रेष्ठ | एल्डर कृष्ण श्रेष्ठ | एल्डर राज गुरूङ्ग | एल्डर दानिएल सापकोटा | एल्डर सागर थापा | डीकन मेहरमान श्रेष्ठ |
| जेष्ठ २४ गते June 7 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | एल्डर पेशल राई |

परमेश्वरबाट तारिफ गर्नु उचित हुन्छ । ग्रीक भाषामा Syn + istemi संयुक्त क्रियापद हो । दोस्रो कोरिन्थीको पुस्तकमा पावलद्वारा Synistemi (Commend) क्रियापद मुख्य रुपमा प्रयोग गरेका पाउँछौं । Syn + istemi, भन्नाले "to command, hold together" अर्थात् together + to stand or formed; वा demonstrate; दोस्रो व्यक्तिबाट तारिफ गर्नु, सिफारिस गर्नु, वा एकै हुनु, एकतामा रहनु भन्ने अर्थ बुझाउँदछ ।

दोस्रो पत्रमा प्रार्थनासाथ पावलले परमेश्वरलाई धन्यवाद दिए । पावल पाल बुन्ने दैनिक ज्यालादारी गर्ने भएकोले कोरिन्थमा गरेको प्रचार अस्वीकार र अधिकार प्राप्त गरेन । यसले कोरिन्थीको मण्डलीको विश्वास जीर्ण भएको चित्रण गर्दछ । पावलको आफ्नो अख्तियारको विषयमा भनेका छन्- तिमीहरू नै मेरो सिफारिस हौं जो परमेश्वरको आत्माबाट लेखिएको छ र हाम्रो योग्यता परमेश्वरबाट आउँछ (३:२-४) । सिनै पर्वतमा इस्राएलीहरू बीच व्यवस्थाबाट आएको महिमाको तेज विस्तारै हराउँदै गयो । तर नयाँ करारमा ख्रीष्टबाट आएको तेज जसले मानिसहरूलाई महिमित, अनन्त र परिवर्तन हुन निरन्तर प्रभावकारी छ ।

क्रूसको घटनाले हामीलाई परमेश्वर उद्धारकर्ता हुनुहुन्छ । जो येशू ख्रीष्टद्वारा सारा मानिसको पापको सट्टामा क्रूसमा बलिदान हुनुभयो । ख्रीष्ट येशूले आफैलाई त्यागेर पापीलाई प्रेम प्रकट गर्नुभयो जसरी पावलले आफ्नो जीवनद्वारा नम्रतामा कष्टभोग गर्दै गरिबीद्वारा ख्रीष्टको चरित्रसँग जिउने नयाँ तरिका कोरिन्थमा प्रदर्शन गरेका थिए ।

वास्तवमा यरुशलेममा भएका यहूदी ख्रीष्टियनहरू अनिकालको कारण भोकमरीमा परेका थिए । जसलाई सहायता गर्न पावलद्वारा शुरू भएका अन्यजाति मण्डलीहरूबाट आर्थिक राहत संकलन गरिरहेका थिए (रोमी १५:२३-३३ र १ कोरिन्थी १६:१-३) । तर कोरिन्थीको मण्डलीमा रकम संकलन गरिएन । यहूदी र गैरयहूदी विश्वासी बीच भएको तनाब मिलाउन पावलले भने "किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरिबीबाट तिमीहरू धनी हुन सक" (८:९) । उक्त पद अनुसार हाम्रो जीवन उद्धारपाएको अरूको हित र मेलमिलाप गर्ने व्यक्तिको रुपमा तारिफ गरिनुपर्छ ।

<u>पावलद्वारा प्रेरितिय अख्तियार दाबी</u>

कोरिन्थमा भएका प्रभावकारी प्रेरितहरू, अगुवाहरूसँग साँचिकै तुलना गर्ने हो भने पावल आफै एक फरिसी (सम्पूर्ण धर्मशास्त्र कण्ठ गर्ने गर्थे) । पुनरुत्थान हुनभएको येशूसँग प्रत्यक्ष भेटेका थिए (प्रेरित ९) । साथै येशूको स्वर्गीय सिंहासनको दर्शन पाएका (१२:१-४), आफ्नो सम्पूर्ण जीवन येशूको सुसमाचार प्रचार गर्न अर्पण गरेका र उनले कहिल्यै मण्डलीसँग व्यक्तिगत खर्च मागेनन् । यी सबै थोक पावल आफैले गरेता पनि आफ्नो तारिफ गरेन । तर आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गरे (११:३०) । किनकि येशूले भन्नुभयो, पावल, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ" (२ को. १२:९) । "तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई जाँचेर हेर । आफैलाई जाँच । जाँचमा असफल भएनौ भने येशू ख्रीष्ट तिमीहरूमा हुनुहुन्छ भन्ने तिमीहरूलाई थाहा हुनुपर्ने हो" २ कोरिन्थी १३:५ ।

अन्त्यमा, हामी के विचार गर्दैछौं ? के गर्ने कोसिस गर्दै छौं ? कतै मेरो इच्छाअनुसार आफैलाई उचाल्ने शरीर पो स्थापना गर्दैछौं कि ? ज्ञान, शीप र अहमद्वारा राज्य खडा गर्ने कोसिस गर्दैछौं भने इतिहास साक्षी छ

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **वैशाख २७ गते** May 10 | एल्डर बाबुराम के.सी. | एल्डर आमोस खालिङ | एल्डर यमदेवी पोखेल | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | डीकन अनिल आले | डीकन प्रशान्त सिंह |
| **जेष्ठ ३ गते** May 17 | श्री युवराज गुरूङ्ग | श्रीमती शशिकला राई | एल्डर भुवन देवकोटा | एल्डर बी.एन. पण्डित | एल्डर छोदेन कार्थक | एल्डर राजु श्रेष्ठ | डीकन बल बहादुर राई |
| **जेष्ठ १० गते** May 24 | एल्डर रूद्र राई | डीकन अनिल चौधरी | एल्डर आनन्द न्यौपाने | एल्डर छोदेन कार्थक | एल्डर जोरबिर राई | श्री लोक बहादुर पुन | एल्डर बेन्जामिन तामाङ्ग |
| **जेष्ठ १७ गते** May 31 | श्री सैदिप तामाङ्ग | श्री विश्वास थापा | पाष्टर रोल्याण्ड रोंगोंग | श्री कुमार सेन्चुरी | एल्डर पिटर लिम्बू | श्री प्रेम गुरूङ्ग | डीकन डिल्ली बहादुर राई |
| **जेष्ठ २४ गते** June 7 | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | डीकन कृष्ण नगरकोटी | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरबिर राई |

**ती सबै व्यर्थ भए । Synistemi मा दुई वटा ग्रीक शब्द Asynkritos (Incomparable) र Akatastasia (Disorder, Rebellion, Riot) जोडिएको पाउँछौं । त्यसकारण हामी आफ्नो तारिफ आफै गर्नु हुँदैन । वास्तवमा म आफैले आफ्नो तारिफ गर्नुभन्दा परमेश्वरबाट तारिफ गर्नु उचित हुन्छ । मेरो तारिफ गर्नको लागि आफ्नो मन मिल्ने झुण्ड खडा गर्नु हुँदैन तर झुण्डमा मिलेर रहनु, दंगा, विरोध गर्नु हुँदैन । जहाँ व्यक्तिगत इच्छाहरूको आहुति दिनुपर्छ । जसरी पावलद्वारा "किंक्रियामा भएको मण्डलीकी धर्म-सेविका हाम्री बहिनी फिबीको प्रशंसा तिमीहरूको समक्ष गर्दछु" रोमी १६:१ पदमा गरेझैं हाम्रो तारिफ पावलजस्ता बाइबलीय चरित्र भएका पात्रबाट गरिनु र हामी त्यो स्थानमा पुग्नु आश्वयक छ ।**

**हामीसँग जे जस्तो पहाड छन्, के येशूमा ती सबै समुद्रमा गएर मिल्न सक्दैनन् र ? "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै खीष्ट हाम्रा निम्ति मर्नुभयो" रोमी ५:८। "उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्" कलस्सी १:१७ । तसर्थ पावलले भनेझैं, "यसकारण खीष्टको खातिर दुर्बलताहरूमा, बद्नामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा आपद्हरूमा म सन्तुष्ट रहन्छु । किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु (२ को. १२:१०) ।" हाम्रो तारिफ केवल परमेश्वरले मात्र गरून् । आमेन ।।**

**नोटः प्रेरित १८. प्रेरित १८:१-११. प्रेरित १८:२४-२८. २ कोरिन्थी १०: १७ र १८. २ कोरिन्थी ११:१ - १२:१०. २ कोरिन्थी ३:१. २ कोरिन्थी ५:१२. २ कोरिन्थी १०:१२, १८. २ कोरिन्थी १२:१० । यी खण्डहरू अध्याय गर्नु लाभदायी हुनेछ । धन्यवाद ।**

# हार्दिक बधाई



वैशाख ८ गते/अप्रिल २१ तारिख, सोमबार नेइम जोरपाटी कपन चर्चको सदस्य सुश्री हिरा लामा र नेइम जोरपाटी डाँछीचर्चको सदस्य श्री महेश्वर तामाङ्गको पिस बैंक्वेटमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मे महिनाको कार्यक्रम

वैशाख २१-२४ गते/मे ४-७ तारिख आइतबारदेखि बुधबार नेइम मिशन सम्मेलन नेइम ज्ञानेश्वर मण्डलीमा ।

जेष्ठ १ गते/मे १५ तारिख बिहीबार बिहान १०:०० बजे उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।


# विशेष प्रार्थना

देशको वर्तमान परिस्थिति र प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, उच्च स्थानमा हुनुभएकाहरू बीच एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले सुशासन गर्न सकून् ।

### जानकारी



हाँडीगाउँ बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती माया श्रेष्ठ ९२ वर्षको उमेरमा चैत्र २५ गते/अप्रिल ७ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



गोंगबूँ बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्री लोक बहादुर तामाङ्ग ९१ वर्षको उमेरमा चैत्र १६ गते/मार्च २९ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

चैत्र २३ गते/अप्रिल ५ तारिख शनिबार नेइम जोरपाटी बेसीगाउँ चर्चमा ५ जना, वैशाख ४ गते/अप्रिल १७ तारिख बिहीबार नेइम जोरपाटी डाँछी चर्चमा १ जना, वैशाख ६ गते/अप्रिल १९ तारिख शनिबार नेइम जोरपाटी जहरसिंहपौवा चर्चमा ७ जनाले समर्पण गर्नुभयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २१ 4<br>अगुवाको स्थानमा रहनु-भएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २८ 11<br>संसारका सबै मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ४ 18<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | ११ 25<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ | १८ June 1<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>व्यवस्था ६:४-७ कलस्सी ३:१७ |
| **सोमबार**<br>Monday | २२ 5<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ | २९ 12<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | ५ 19<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | १२ 26<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>२ तिमोथी ३:१०-१७ | १९ 2<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार**<br>Tuesday | २३ 6<br>मण्डलीका सबै विश्वासीहरू प्रभुमा पाको हुँदै जान साथै एकअर्कालाई पनि प्रभुमा हुर्काउनेहरू हुन सकौं ।<br>रोमी १५:१-६ | ३० 13<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएका-हरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ६ 20<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | १३ 27<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | २० 3<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकून् ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार**<br>Wednesday | २४ 7<br>घरेलु संगतिका सबै अगुवा-हरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसलोनिकी १:२-३ | ३१ 14<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | ७ 21<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १४ 28<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३, | २१ 4<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>एफिसी ४:१-६ |
| **बिहीबार**<br>Thursday | २५ 8<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | १ जेष्ठ 15<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भएर जिउन सकून् ।<br>२ तिमोथी २:२२ | ८ 22<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | १५ 29<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | २२ 5<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार**<br>Friday | २६ 9<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर सत्यतामा आराधना गर्न आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ | २ 16<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ९ 23<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १६ 30<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | २३ 6<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून्।<br>१ यूहन्ना २:४-६ |
| **शनिबार**<br>Saturday | २७ 10<br>मण्डलीका प्रत्येक विश्वासी-हरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | ३ 17<br>विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानु-भएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | १० 24<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १७ 31<br>आजको आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | २४ 7<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>२ कोरिन्थी ३:१६-१८ |

**कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जाहेर होऊन्, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ । अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर । तिमीहरूले जुन कुरा मबाट सिक्यौ, र ग्रहण गऱ्यौ र सुन्यौ र ममा देख्यौ, त्यही गर र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ ।**

**फिलिप्पी ४:६-९**